

**के तपाईंको घर पानीले रसाएको छ ?**

**अब चिन्ता नगर्नुहोस !**

**चिन्ताको समाधान Waterproofing ले गर्नें छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।**

**सम्पर्कः प्रगति ट्रेड कर्न्सन**

रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)

०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



**रु. १.५ मा**

**कलर भिजिटिङ कार्ड साथै**

**तुरून्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा**

**सम्पर्कः**

**०६१-५७०६५१, ९८५६०७५५७५**



❑ वर्ष २५ ❑ अङ्क १९ ❑ श्रेणी क्षेत्रीय ‘क’ ❑ २०८० माघ १९ गते शुक्रबार ❑ 2 Feb. 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## गण्डकीलाई पाँच वर्षमा आत्मनिर्भर बनाउँछौँ : मुख्यमन्त्री पाण्डे

**पोखरापत्र संवाददाता**

वालिङ, १८ माघ

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले प्रदेशलाई पाँच वर्षमा आत्मनिर्भर बनाउने बताउनुभएको छ ।

स्याङ्जाको वालिङ उद्योग वाणिज्य संघ र वालिङ नगरपालिकाले आयोजना गरेको आठौँ वालिङ महोत्सवको बिहीबार यहाँ उद्घाटन गर्दै उहाँले प्रदेशलाई दूध, मासु, तरकारी र फलफूलमध्ये कुनै एक क्षेत्रमा आत्मनिर्भर बनाउने लक्ष्य रहेको बताउनुभयो ।

“गण्डकी प्रदेशलाई पाँच वर्षभित्रमा सके दूध, मासु, तरकारी र फलफूल सबैमा आत्मनिर्भर बनाउने गरी अगाडि बढेका छौँ”, मुख्यमन्त्री पाण्डेले भन्नुभयो, “जहाँसम्म हाम्रो लक्ष्य पूरा भएरै छाड्छ । सबै भएन भने पनि कुनै एउटामा आत्मनिर्भर हुन्छौँ ।” प्रदेश सरकारले पञ्चवर्षीय योजना बनाएर काम



अगाडि बढाएकाले निर्धारित लक्ष्य प्राप्त हुनेमा उहाँले विश्वास व्यक्त गनुभयो ।

मुख्यमन्त्री पाण्डेले युवाको बसाइँसराइँ दर घटाउने र प्रदेशलाई दूध, मासु, तरकारी र फलफूलमा आत्भनिर्भर बनाउने लक्ष्य रहेको जानकारी दिनुभयो । “युवा विदेशिने क्रम विश्वका हरेक देशमा छन् । यो क्रम जहाँतही चलिरहन्छ”, उहाँले भन्नुभयो, “यो शून्यमा झर्दैन तर यसका सन्दर्भमा युवालाई स्वदेशमै दक्ष बनाएर आकर्षित गर्ने खालका नीति तथा कार्यक्रम ल्याएर कम गर्न सकिन्छ ।” गण्डकी प्रदेशले ११ वटै जिल्लामा प्राथमिकता र आवश्यकताका आधारमा योजना अगाडि बढाइरहेको मुख्यमन्त्री पाण्डेको भनाइ थियो ।

वालिङ उद्योग वाणिज्य सङ्घले आयोजना गरेको महोत्सवले यहाँका स्थानीय उत्पादनको प्रचारप्रसार, प्रवर्द्धन तथा बजारीकरणमा महत्वपूर्ण भूमिका खेल्ने उहाँले विश्वास व्यक्त गर्नुभयो ।

नेकपा एमालेका नेता महेश बस्नेत, गण्डकी प्रदेशका ऊर्जा जलस्रोत तथा सिँचाइमन्त्री सरस्वती अर्याल तिवारी, गण्डकी प्रदेशका अर्थ तथा विकास समितिका सभापति भोजराज अर्याल, लेखा समितिका सभापति सुधीरकुमार पौडेललगायतले महोत्सवले समग्र जिल्लाको कृषि, हस्तकला, सांस्कृतिक, पर्यटकीय क्षेत्रको प्रचारप्रसार र आर्थिक विकासमा सहयोग पुग्ने धारणा व्यक्त गर्नुभएको थियो ।

बिहीबारदेखि सुरु भएको महोत्सव यही माघ २८ गतेसम्म सञ्चालन हुनेछ । महोत्सव तीन लाख दर्शकले अवलोकन गर्ने र करिब दश करोडको आर्थिक कारोबार हुने लक्ष्य रहेको महोत्सवमूलआयोजकसमितिका संयोजक एवं उद्योग वाणिज्य सङ्घका अध्यक्ष चेतनारायण श्रेष्ठले जानकारी दिनुभयो ।

## गण्डकी प्रदेशमा योजना कार्यान्वयन सुस्त

**पोखरापत्र संवाददाता**

पोखरा, १८ माघ

गण्डकी प्रदेशको ऊर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालयलाई आफ्ना वार्षिक नीति तथा कार्यक्रमलाई गति दिन सुझाव दिइएको छ । गण्डकी प्रदेशसभाको सामाजिक विकास तथा कृषि समितिको बुधबारको बैठकमा समितिका सभापति, सदस्यलगायतले चालु आवको बजेट आएको आठ महिना बित्न लाग्दासमेत मन्त्रालयका योजना कार्यान्वयनमा सुस्तता देखिएको बताएका हुन् ।

समितिका सदस्य वेदबहादुर गुरुङले सरकारको नीति तथा कार्यक्रममा प्राथमिकता पाएका कतिपय योजना बजेटमा नसेमिटनु दुःखद् भएको बताउनुभयो । “नीति, कार्यक्रममा आउने तर वार्षिक कार्यक्रम र बजेटमा नपर्दा जनतालाई झुक्याएको जस्तो हुन्छ”, उहाँले भन्नुभयो, “बजेट सुनिश्चित भएका योजना कार्यान्वयनमा पनि ढिलासुस्ती छ, यसतर्फ प्रदेश सरकार र सम्बन्धित मन्त्रालय गम्भीर बन्नुपर्छ ।” सदस्य गुरुङले खानेपानी र सिँचाइ क्षेत्रमा मन्त्रालयले हालसम्म हासिल गरेको उपलब्धिको यथार्थ तथ्याङ्क अहिलेसम्म बाहिर आउन नसकेको बताउनुभयो । मुख्यमन्त्रीले पदभार ग्रहण गर्दा घोषणा गरेको लिफ्टिङ सिँचाइ आयोजनाको विद्युत् महशुलमा शतप्रतिशत अनुदान दिन अहिलेसम्म कार्यविधि बन्न नसकेकामा उहाँले गुनासो व्यक्त गर्नुभयो ।

समितिका सदस्य दिलमाया पौवीले प्रदेश सरकारले टुक्रेयोजना कटौती गरे पनि सङ्घ सरकारबाट ससाना योजनामा बजेट आएकाले कार्यान्वयनमा जटिलता थपिने गरेको बताउनुभयो । उहाँले टुक्रेयोजना बढी हुँदा स्थानीय तहबाट हुने अनुगमन प्रभावकारी हुन नसकेको धारणा राख्नुभयो । सदस्य पौवीले योजना छनोटलाई आवश्यकतामुखी र वैज्ञानिक बनाउनुपर्ने बताउनुभयो ।

समितिका सभापति फणिन्द्र देवकोटाले आर्थिक वर्षको अन्त्यमा आएर बल्ल योजना कार्यान्वयनमा जुट्ने प्रवृत्तिको अन्त्य गर्नुपर्ने बताउनुभयो । उहाँले हरेक चौमासिक अवधिमा मन्त्रालयले देखिन गरी कार्यसम्पादन गर्नुपर्ने र उपलब्धि सार्वजनिक गर्नुपर्ने बताउनुभयो । “हामीसँग स्रोतसाधन, जनशक्ति, प्रविधि आदिको सीमितता छ, तर यसो भन्दैमा विकास निर्माण र सेवाका काममा ढिलासुस्ती गर्ने छुट हामीलाई छैन”, उहाँले भन्नुभयो । बैठकमा उठेको प्रश्न र जिज्ञासाको जवाफ दिँदै मन्त्रालयका सचिव इञ्जिनियर गणेशराज वस्तीले स्रोत सुनिश्चित नगरी नीति र कार्यक्रम तय गर्दा समस्या निम्तिएको बताउनुभयो । उहाँले मन्त्रालयमा अघिल्ला आवदेखि नै काम हुन नसकेका योजनाको चाङ रहेको बताउनुभयो । सचिव वस्तीले प्रदेशका दुई हजार र सङ्घका करिब पाँच सय गरी मन्त्रालयमा २४ सय ६८ योजना रहेको बताउनुभयो । तीमध्ये १२ सय योजनाको विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) तयार भइसकेको उहाँले बताउनुभयो । सचिववस्तीकाअनुसारचालुआवको पहिलो चौमासिकमा कृषक कुलो सुधारबाट ९६ हेक्टरमा सिँचाइ सुविधा विस्तार भएको छ । यो वर्ष दुई हजार हेक्टरमा सिँचाइ विस्तारको लक्ष्य मन्त्रालयले लिएको छ । २५ किमी तटबन्धको लक्ष्य लिइएकामा पहिलो चौमासिकमा दुई किमीमा तटबन्ध सकिएको सचिव वस्तीले जानकारी दिनुभयो ।

यस वर्ष ३० हजार घरधुरीमा खानेपानी धारा जडान गर्ने लक्ष्य रहेकामा गत कात्तिकसम्ममा छ हजार पाँच सय ५३ घरमा धारा जडान गरिएको उहाँको भनाइ छ । उहाँले कतिपय योजना बजेटको सुनिश्चित नहुँदा अगाडि बढाउन नसकिएको बताउनुभयो । ऊर्जा, जलस्रोत तथा खानेपानीमन्त्री सरस्वती अर्याल तिवारीले सङ्घ सरकारबाट आएका रु ३० लाखभन्दा कम बजेटका योजना कार्यान्वयन नगरिने बताउनुभयो । उहाँले प्रदेश सरकारले पनि टुक्रेयोजना कटौती गरेको जनाउँदै आगामी वर्षदेखि यसमा थप सुधार गरिने बताउनुभयो । बजेट आँकलन नै नगरी जथाभावी योजना छनोट गर्ने परिपाटीलाई पनि निरुत्साहित गरिने उहाँको भनाइ छ ।

## पोखरामा रातो मच्छिन्द्रनाथ र हनुमान ढोकाको तस्वीर प्रदर्शन गरिने

**पोखरापत्र संवाददाता**

पोखरा, १८ माघ

२१ औं अन्तर्राष्ट्रिय प्रवतीय संग्रहालय दिवसको अवसरमा पोखरामा ऐतिहासिक रातो मच्छिन्द्रनाथ रथयात्रा र हनुमान ढोका क्षेत्रमा भएका ऐतिहासिक तस्वीर प्रदर्शन गरिने भएको छ ।

माघ २१ गतेदेखि २८ गतेसम्म संग्रहालयले ती ऐतिहासिक तस्वीर पोखरामा एक हप्तासम्म प्रदर्शन गर्ने चाँजो मिलाएको हो । संग्रहालय निर्देशक निर्मला न्यौपानेले पर्वतीय संग्रहालय दिवसको अवसरमा उक्त फोटो प्रदर्शनी पाटन संग्रहालय विकास समिति र हनुमान ढोका दरबार संग्रहालयको सहकार्यमा गर्न लागेको जानकारी दिइन् । सो अवसरमा रातोमच्छिन्द्रनाथ रथ यात्राबारे जानकारी, यात्राको रुट,



डकुमेन्ट्रीलगायत प्रदर्शनी गरिने संग्रहालयले जानकारी दिएको छ । साथै, हनुमान ढोका दरबार क्षेत्रका ऐतिहासिक तस्वीरहरु पनि प्रदर्शनमा राखिने भएको छ ।

‘हनुमान ढोका दरबार संग्रहालय तथा विकास समितिको सहकार्यमा शाही चित्रकार तथा दरबार फोटोग्राफर दीर्घमान चित्रकार र उनका छोरा गणेशमान चित्रकारले खिचेको चित्र, तस्वीर, दरबार क्षेत्रका स्मारक, जात्रा, उत्सव, तथा जनजीवन झल्किने फोटो एकहप्तासम्म पोखरामै हेर्न व्यवस्था मिलाएको छौं,’ न्यौपानेले भनिन् । उक्त अवसरमा पाटन ढोका दरबार क्षेत्रका महत्वपूर्ण सम्पदाहरु तलेजु मन्दिर, प्रताप मल्लको परिवारसहितको शिलास्तम्भ, मल्लकालीन मूलचोक, मोहनचोकलगायत प्रथम विश्व उुद्धका लागि तयार पारिएका नेपाली सेना, विसं. १९९० को महाभूकम्प आदि झल्कने २२ तस्वीर प्रदर्शन गरिने संग्रहालयले जनाएको छ । साथै, २१ औं पर्वतीय संग्रहालय महोत्सवको अवसरमा जर्मनी आरोही हेनिज स्टेन्मिजले नेपालको अन्नपूर्ण चौंथो आरोहण गर्दा खिचेको ऐतिहासिक फोटोसमेत प्रदर्शनीमा राखिने भएको छ । हेनिजले सन् १९९५ मा अन्नपूर्ण चौंथो आरोहण गरेका थिए । उनले अन्नपूर्ण चौंथोसँगै चुलु, काङ्गुरु, दक्षिण लमजुङ हिमाल आदि आरोहण गरेका थिए । अन्तर ाष्ट्रिय पर्वतीय संग्रहालय दिवस उत्वसको उद्घाटन पोखराका मेयर धनराज आचार्य र ललितपुरका मेयर चिरिबाबु महर्जनले संयुक्त रुपमा गर्ने संग्रहालयले जनाएको छ ।

## जाडोको समयमा चिसोबाट बचौं

- ◆जाडोबाट बच्न तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
- ◆न्यानो कपडा लगाऔं,
- ◆घर तथा कोठा न्यानो बनाऔं,
- ◆ कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोरदोहोर हुने सुनिश्चित गरौं,
- ◆बालबालिकालाई तेल मालिस गरिदिऔं,
- ◆बढी चिसोमा मर्निङ वाक नगरौं,
- ◆चिसोमा बाहिर हिँड्दा बाक्लो कपडा लगाऔं,
- ◆दैनिक घाम ताप्ने गरौं ।

**नेपाल सरकार**

**विज्ञापन बोर्ड**

## मुग्लिन-पोखरा सडक : बीस किलोमिटर कालोपत्र

**पोखरापत्र संवाददाता**

तनहुँ, १८ माघ

मुग्लिन-पोखरा सडकअन्तर्गत पूर्वी खण्डमा बीस किलोमिटरमा एकतर्फी कालोपत्र गरिएको छ । जिल्लाको डुम्रेदेखि छिर्कनसम्म चौध किमि र आँबुखैरेनी क्षेत्रमा छ किमि गरी उक्त दुरीमा कालोपत्र सम्पन्न भएको हो ।

पूर्वी सडक खण्डमा हालसम्म ४४ प्रतिशत कार्य प्रगति भएको मुग्लिन-पोखराको पूर्वी खण्डका इञ्जिनियर एवं सूचना अधिकारी विष्णुप्रसाद पाण्डेले जानकारी दिनुभयो । उहाँका अनुसार आँबुखैरेनीको बरादीबाट सत्रसयतर्फ करिब तीन किमि दुरीमा कालोपत्रका लागि अन्तिम तयारी भइरहेको छ ।

उक्त स्थानमा कालोपत्र सम्पन्न भएलगत्तै आँबुखैरेनी गाउँपालिका कार्यालयबाट चार लेन कालोपत्रका लागि बेस हाल्ने काम पनि भइरहेको इञ्जिनियर पाण्डेले बताउनुभयो । पूर्वीखण्डका लागिरु ६ अर्ब २१ करोड ३१ लाख १३ हजारमा ठेक्का सम्झौता भएको थियो । यस खण्डको काम विसं २०७८ वैशाख २ गतेदेखि गरिएको हो । करिब ४१.४५ किलोमिटर दूरीको उक्त खण्डको काम भइरहेको आयोजना प्रमुख श्यामकुमार यादवले जानकारी दिनुभयो । उहाँका अनुसार विसं २०८१ वैशाखसम्म सक्नेगरी सम्झौता भएको थियो । पृथ्वीराजमार्गको पूर्वी खण्डअन्तर्गत डुम्रे बजार क्षेत्रमा एक सय साठी भौतिक संरचनाका रु १५ करोड १३ लाख मुआब्जा निर्धारण गरिएको छ । सदरमुकाम दमौली बजारका ७५ भौतिक संरचनाका रु छ करोड बराबरको मुआब्जा निर्धारण गरिएको छ । डुम्रे बजारका अधिकांशले पहिलो किस्ताबापतको मुआब्जा लिइसकेका आयोजना कार्यालयले जनाएको छ ।


**सुपथ मूल्यमा आकर्षक छपाइ**



**पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।**

**हिमालय अफसेट प्रेस**

नयाँबजार, पोखरा

फोन नं. : ०६१-५७०६५१

# लिग च्याम्पियन चर्च व्वाईजलाई पराजित गर्दै त्रिभुवन आर्मी आहा रारा पोखरा गोल्ड कपको फाईनलमा

**पोखरापत्र संवाददाता**
पोखरा, १८ माघ

शहीद स्मारक ए डिभिजन लिग फुटबलको च्याम्पियन चर्च ब्वाइज युनाइटेड क्लवलाई पराजित गर्दै बिभागिय टोली त्रिभुवन आर्मी क्लव पोखरामा जारी २३ औं संस्करणको आहा रारा पोखरा गोल्ड कप फुटवल प्रतियोगिता २०८० को फाईनलमा प्रबेश गरेको छ।




पोखरा रंगशालामा बिहीबार भएको दोश्रो सेमिफाइनल खेलमा आर्मीले चर्च व्वाईज यूनाईटेड क्लबलाई अतिरिक्त समयको सहायताबाट २-१ को गोल अन्तरले पराजित गर्दै उपाधि नजिक पुगेको हो। ९० मिनेटको निर्धारित समयमा दुबै तर्फ एकरएक गोल भए पछि खेल ३० मिनेटको अतिरिक्त समयमा धकेलिएको हो। आर्मीको जितमा दिनेश हेन्जन र अतिरिक्त समयमा रस बहादुर मगरले एकरएक गोल गर्नु भयो भने चर्च व्वाइजका समिर तामाङले एक गोल गर्नु भएको हो।

खेलको ६१ औं मिनेटमा चर्च व्वाईजका सन्तोष खत्रीले जितेन्द्र कार्कीलाई लडाए पछि पाएको फ्रिकिकको अवसरलाई करिब २५ यार्डबाट हेन्जनले प्रहार गरेको फ्रिकिक वलले जाली चुमेको हो। खेलको ८३ औं मिनेटमा चर्च व्वाईजका समीर तामाङले गोल गरि खेल बराबरीमा पुर्याउनु भएको हो । आर्मीका जितेन्द्र कार्की र गोलरक्षक समित श्रेष्ठलाई विट गर्दै समीरले फ्रष्ट वार च्याप्दै गोल गर्नु भएको हो। पहिलो हापमा दुबै तर्फ बराबरीमा खेल पुगे पछि निर्णायकको लागि १५ र १५ मिनेट थपिएको हो। आर्मीका रस बहादुर मगरले खेलको ९९ मिनेटमा गोल गर्नु भयो । वसन्त जुम्बाको क्रस वलमा मगरले गोल गर्नु भएको हो। आर्मीले थ्रि स्टारसंग उपाधिको लागि शनिवार फाईनल खेलमा भिड्ने भएको छ।

थ्रिस्टारले प्रिक्वाटरमा आयोजक सहारा क्लवलाई र क्वाटरफाइनलमा भने पाहुना टोली भुटानको पारो एफसीलाई पराजीय गरी सेमिफाइनलमा जाउलाखेल युथ क्लवलाई पराजित गरि फाईनलमा यात्रा बनाएको हो। बुधबार भएको पहिलो सेमिफाइनल खेलमा थ्रि स्टारले जाउलाखेल क्लवलाई १-० को गोल अन्तरले पराजित गर्दै फाइनलमा यात्रा बनाएको हो। यही माघ २० गते फाइनल खेल सहित प्रतियोगिता समापन हुने आयोजक सहारा क्लबले जनाएको छ। २३ औं संस्करणको आहा रारा पोखरा गोल्ड कपको विजेताले १२ लाख एक हजार र उपविजेताले ६ लाख एक हजार पुरस्कार प्राप्त गर्ने भएको महासचिव रामजी प्रसाद अधिकारीले बताउनु भयो।

यही माघ ९ गते देखि सुरु भएको प्रतियोगितामा एक विदेशी सहित १२ टिमको सहभागिता रहेको खेल संयोजक पूर्णबहादुर गुरुङले जनाउनु भयो। दर्शकलाई आकषर्ण गर्न हरेक दीनमा फ्यान अफ दी म्याच समेत घोषणा गरिएको छ। विहिबारको खेलमा सन्तोष शर्मा र विपिन तामाङ फ्यान अफ दी म्याच घोषित हुदै जनही ५ हजार रुपैया हात पार्न सफल हुनु भयो। उक्त कार्यक्रमलाई वेलायत निवासि उमा र रामचन्द्र गुरुङको सहयोग प्राप्त भएको क्लवका शुर्दशन रञ्जितले बताउनु भयो।

# पोखरामा माघ २१ गतेदेखि अन्तर्राष्ट्रिय भेट्रान फुटबल

**पोखरापत्र संवाददाता**
कास्की, १८ माघ




'स्वास्थ्यका लागि एक घण्टा व्यायाम, नागरिकहरूका लागि नौलो आयाम'को नारासहित स्थापित बगर भाइ खलक पोखराले १३औँ संस्करणको 'बगर भाइ खलक अन्तर र्ष्ट्रिय भेट्रान एट ए साइड फुटबल' प्रतियोगिताको तयारी गरेको छ।

प्रतियोगिता यही माघ २१ देखि २७ गतेसम्म पोखराको बगरस्थित टुँडिखेल मैदानमा सञ्चालन हुने आयोजक संस्थाले आज पत्रकार सम्मेलन गरी जानकारी दिएको हो। संस्थाले समाजका प्रत्येक क्षेत्रका व्यक्तिलाई स्वास्थ्यप्रति जागरुक बनाइ आफ्नो स्वास्थ्यका लागि दिनमा कम्तीमा एक घण्टा व्यायाम गर्नुपर्दछ भन्ने सन्देशसहित प्रतियोगितालाई निरन्तरता दिएको बगर भाइ खलकका अध्यक्ष दिलबहादुर गुरुङले जानकारी दिनुभयो।

प्रतियोगितामा विदेशीसहित कुल ३६ टोलीको सहभागिता रहने बताइन्छ। अध्यक्ष गुरुङले भेट्रान खेलाडीलाई लक्षित गर्दै यस वर्षदेखि तीन विधामा प्रतियोगिता गर्न लागेको जानकारी दिनुभयो। यसपटक ४० वर्षमाथि, ५० वर्ष माथि र ६० वर्षमाथि गरी तीन उमेर समूहमा प्रतियोगिता सञ्चालन हुने बताइन्छ। अध्यक्ष गुरुङले प्रतियोगिताको उद्देश्य युवा पिँढीलाई खेलकुदप्रति आकर्षित गर्नु रहेको बताउनुभयो। अग्रजलाई सम्मान, समकालीनलाई व्यायाम र अनुजलाई खेल स्वास्थ्यप्रति जागरुक बनाउने उद्देश्यसहित संस्थाले गतिविधि अगाडि बढाएको अध्यक्ष गुरुङले बताउनुभयो। प्रतियोगिताको ४० वर्षमाथि उमेर समूहको विजेताले रु दुई लाख प्राप्त गर्नेछन् भने उपविजेताले रु एक लाख प्राप्त गर्नेछन्। सर्वोत्कृष्ट खेलाडीले रु १५ हजार तथा उत्कृष्ट गोलरक्षक, डिफेन्डर, मिडफिल्डर, फरवार्ड र प्रशिक्षकले भने समान रु पाँच हजारका दरले नगद पुरस्कार पाउने आयोजक संस्थाका महासचिव याम गुरुङले जानकारी दिनुभयो। चालीस वर्षमाथिमा २३ टोलीको सहभागिता रहेको छ। यसैगरी ५० वर्षमाथि उमेर समूहका विजेताले रु एक लाख र उपविजेताले रु ५० हजार पाउने छन्। पचास वर्ष वर्षमाथिको प्रतियोगितामा नौ टोलीको सहभागिता रहेको छ। यसैगरी ६० वर्षमाथिका विजेताले रु ५० हजार र उपविजेताले रु ३० हजार पाउनेछन्। यस विधामा चार टोलीको सहभागिता निश्चित भएको बताइन्छ। प्रतियोगितामा पोखरासहित भारतको देहरादुन, काठमाडौँ, ललितपुर, चितनव, सिरहा, हेटौँडा, सर्लाही, बुटवल, सिमरा, कैलाली, पाँचथरबाट सहभागिता रहेको छ। बगर भाइखलकले विसं २०६८ देखि निरन्त भेट्रान फुटबल सञ्चालन गर्दै आइरहेको छ। सोही अवसरमा संस्थाले फुटबल खेल विकासमा विशेष योगदान दिने पूर्वराष्ट्रिय फुटबल खेलाडी एवं प्रशिक्षक शम्भु केसीलाई सम्मानित गर्ने भएको छ। राखेपका पूर्वप्रशिक्षकसमेत रहुनभएका केसी वरिष्ठ फुटबल प्रशिक्षक हुनुहुन्छ।

# गण्डकीमा 'राइड सेयरिङ'को नियमन गर्ने र वैधानिक बनाउने बाटो खुल्यो

**पोखरापत्र संवाददाता**
म्याग्दी, १८ माघ

गण्डकी प्रदेशमा 'राइड सेयरिङ' एपमार्फत हुने यातायात सेवालाई नियमन गर्ने र वैधानिक बनाउने कानुनी बाटो खुलेको छ।

भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालयको प्रस्तावमा मन्त्रिपरिषद्को हालैको बैठकले स्वीकृत गरेको गण्डकी प्रदेशको सवारी तथा यातायात व्यवस्था नियमावली-२०८० मा मापदण्ड बनाएर राइड सेयरिङ दर्ता गर्ने व्यवस्था गरिएको हो।

नियमावलीको दफा १३ मा निजी प्रयोजनका लागि दर्ता प्रमाणपत्र प्राप्त चार पाङ्ग्रे तथा दुई पाङ्ग्रे सवारीले तोकिएको प्रक्रिया पूरा गरी तोकिएको भाडा लिई यात्रु बीमा गरेर यात्रु बोक्न पाउने व्यवस्था छ। सो व्यवस्थाअनुसार निजी प्रयोजनका लागि दर्ता प्रमाणपत्र प्राप्त चारपाङ्ग्रे तथा दुईपाङ्ग्रे सवारीले सार्वजनिक सवारीसरह यात्रु ओसारपसार गर्नसक्ने गरी मापदण्ड बनाउन गृहकार्य थालिएको मन्त्रालयका प्रवक्ता टीकाराम पौडेलले बताउनुभयो। "नियमावलीले राइड सेयरिङलाई नियमन गर्न र वैधानिक बनाउन कानुनी बाटो खोलेकाले मापदण्ड तयार पार्न लागिएको हो", उहाँले भन्नुभयो, "मापदण्डको आधारमा दुई पाङ्ग्रे र निजी सवारी साधन प्रक्रिया पुऱ्याएर राइड सेयरिङमा दर्ता हुन पाउनेछन्।" प्रदेश सरकार मातहतको यातायात व्यवस्था कार्यालयमा दर्ता भएर अनुमति लिनुपर्ने व्यवस्था गरिएको छ। मोबाइल एपको प्रयोगमार्फत यातायात सेवा लिन सकिने राइड सेयरिङ यात्रुमाझ लोकप्रिय बन्दै गए पनि नियमन गर्न र वैधानिक बनाउन कानुनको अभाव छ। नेपालमा पठाओ, टुटल, सहारा, इनड्राइभ, सजिलो, ट्याक्सिमान्डु, क्याब ट्याक्सीलगायत राइड सेयरिङ एप सञ्चालनमा छन्। यी एपको नियमनका लागि यसअघि बागमती प्रदेश सरकारले कार्यविधि बनाएको थियो। गण्डकी प्रदेशको राजधानी पोखरामा कम्पनी रजिष्ट्रारको कार्यालय तथा उद्योग विभागमा दर्ता भएको इनड्राइभ नामक राइड सेयरिङ चलिरहेको छ। यातायातसम्बन्धी कानुनअनुसार यसले गण्डकीमा हालसम्म वैधानिकता पाएको छैन। कानुन अभावमा राइड सेयरिङ गर्नेले पोखराका ट्याक्सी चालक तथा व्यवसायीले आक्रमण र अवरोध गरेको गुनासो गरेका छन्।

राइड सेयरिङ सेवाका लागि दुई पाङ्ग्रे सवारी साधन दर्ता गर्न रु २५ हजार र नवीकरण शुल्क प्रतिवर्ष रु १२ हजार पाँच सय तोकिएको छ। चार पाङ्ग्रे सवारी साधनको दर्ता तथा अनुमति शुल्क रु ५० हजार र नवीकरण शुल्क रु २५ हजार आर्थिक विधेयकमा उल्लेख छ। दुई पाङ्ग्रे र चार पाङ्ग्रेको दर्ता, अनुमति लिन रु ७० हजार र वार्षिक नवीकरण गर्न रु ३५ हजार तोकिएको छ। गण्डकी प्रदेशको चालु आर्थिक वर्षको आर्थिक विधेयकमा राइड सेयरिङ सेवा प्रदायक कम्पनी अब प्रदेशमा पनि अनिवार्य दर्ता हुनुपर्ने उल्लेख गरिएको थियो। गण्डकी प्रदेशको भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्थामन्त्री रेशमबहादुर जुग्जालीले सार्वजनिक यातायात सेवालाई समयअनुकूल व्यवस्थित बनाउनका लागि नियमावली तयार पारिएको बताउनुभयो। "सार्वजनिक यातायात क्षेत्रमा यात्रु ठगिने र दुःख पाउने अवस्थाको अन्त्य गर्नका लागि नियमावलीमा राइड सेयरिङलाई वैधानिकता दिँदा रोजगारी सिर्जना पनि हुने सम्भावना छ", उहाँले भन्नुभयो, "मिटरमा नचल्ने ट्याक्सीलाई तत्काल कारबाही गर्ने नीति ल्याउँदा पनि नियमन गर्न नसकिएपछि राइड सेयरिङलाई दर्ता गरेर सञ्चालन हुन दिने अवस्था आएको हो।"

नियमावली यातायात क्षेत्र सुधारका लागि कोसेढुङ्गा सावित हुने मन्त्री जुग्जालीले बताउनुभयो। "राजस्वको स्रोत बढाउन र सार्वजनिक यातायातमा चुनौती बनेका ट्याक्सीलाई नियमन गर्न पनि नियमावली सहयोगी बन्नेछ", मन्त्री जुग्जालीले भन्नुभयो, "ठूलो जनशक्ति र समय ट्याक्सीलाई मिटरमा चलाउन लगाउनुभन्दा राइड सेयरिङलाई विकल्पका रुपमा वैधानिकता दिन लागिएको हो।"

सेवाग्राही आफैँले एप प्रयोग गरेर राइड सेयरिङमार्फत सवारी साधन प्रयोग गर्न पाउने छन्। पोखराका ट्याक्सी व्यवसायीसँग भएको छलफलमा उनीहरु गत भदौ १ बाट मिटरमा चलाउन सहमत भएका थिए। ट्याक्सी व्यवसायीले मिटरमा उठे बराबरको भाडा लिएर यात्रु बोक्ने पटक-पटकको प्रतिबद्धता कार्यान्वयन नगरेपछि मन्त्रालयले कानुन कसिलो बनाउँदै लगेको हो। मिटरमा नचल्ने ट्याक्सीले तिर्नुपर्ने जरिवानालाई रु दुई हजारबाट बढाएर रु १० हजार पुऱ्याएको मन्त्रालयले छ महिना निलम्बन गर्ने व्यवस्था नियमावलीमा गरेको छ। पोखरामा दुई हजार पाँच सयसहित गण्डकी प्रदेशभर करिब तीन हजार पाँच सय ट्याक्सी छन्। यातायात व्यवस्था कार्यालय कास्कीमा तीन लाख ११ हजार सवारी साधन दर्ता भएका छन्। तनहुँ, नवलपुरका कार्यालयमा समेत गरी गण्डकी प्रदेशमा पाँच लाख सवारी साधन दर्ता छन्।

# मुद्रण उद्योग र मनिपाल बिच स्वास्थ्य परीक्षणमा सहमति

**पोखरापत्र संवाददाता**
कास्की, १८ माघ



मुद्रण उद्योग संघ कास्की र मणिपाल शिक्षण अस्पताल पोखरा बिच 'कर्पोरेट स्वास्थ्य परीक्षण सुबिधा योजना'मा सहमति भएको छ।

मुद्रणको तर्फबाट अध्यक्ष चिन्तामणी बास्तोला र मनिपालका तर्फबाट प्रमुख कार्यकारी अधिकृत अनिल ओडुविलले एक कार्यक्रमका विच सहमति पत्रमा हस्ताक्षर गरी दुवै पक्षबाट मञ्जुरी गरेका हुन्। भने सम्पर्क व्यक्तिमा मनिपालको तर्फबाट प्रमुख जनसम्पर्क अधिकृत कृष्णमोहन श्रेष्ठ र मुद्रणको तर्फबाट महासचिव पदम श्रेष्ठ रहेको मुद्रण उद्योग संघ कास्कीका द्वितीय उपाध्यक्ष प्रकाशराज पौडेलले जानकारी गराए। मुद्रण उद्योग संघ कास्कीका अध्यक्ष चिन्तामणी बाँस्तोलाले उक्त कार्यक्रममा बोल्दै मुद्रण व्यवसायी, कर्मचारी र उनका परिवारहरुको स्वास्थ्यलाई मध्यनजर गर्दै मनिपालसँग मञ्जुरी सहित सम्झौता गरिएको जानकारी गराउनुका साथै कास्कीमा करिब १ सय भन्दा बढी मुद्रण उद्योगहरु रहेको र करिब ८ सय जना रोजगारीमा आवद्ध रहेको बताए। अध्यक्ष बास्तोलाका अनुसार "मुद्रण उद्योग संघ कास्कीमा आवद्ध कर्मचारी र परिवारका सदस्यहरुले मनिपाल शिक्षण अस्पताल पोखरामा उपचार गर्दा निशुल्क दर्ता र अन्यमा १० देखि २५ प्रतिशत सम्मको छुटको व्यवस्था सहित सम्झौता गरिएको छ। व्यवसायी तथा कर्मचारी र उनका परिवारहरुको आधिकारीक परिचयपत्र वितरणको काम सुरु गरिएको र त्यसै परिचय पत्रका आधारमा छुट हुनेछ" उनले भने। मनिपालका तर्फबाट प्रमुख कार्यकारी अधिकृत अनिल ओडूविलले अस्पतालले ल्याएको नयाँ स्वास्थ्य प्याकेज 'ब्यबसायीक प्रतिष्ठान तथा संघ, संस्था स्वास्थ्य परिक्षण योजना'मा अस्पताल र मुद्रण उद्योग संघ कास्की बिच सहमति गरिएको जानकारी गराए। त्यसैगरी अस्पतालका जनसम्पर्क अधिकृत कृष्ण मोहन श्रेष्ठले मुद्रण व्यवसायीहरुसँग स्वास्थ्य परिक्षण योजनामा सहमति गर्न पाउँदा खुसी व्यक्त गर्दै आगामी दिनमा स्वास्थ्य शिविर लगायतका काममा आवश्यक सहयोग गर्ने प्रतिवद्धता व्यक्त गरेका थिए। कार्यक्रममा नेपाल मुद्रण उद्योग महासंघका केन्द्रीय उपाध्यक्ष पदमलाल श्रेष्ठले सहयोगीप्रति धन्यवाद व्यक्त गर्दै सहमतिले मुद्रण व्यवसायमा आवद्ध व्यवसायी, कर्मचारी र उनका परिवारहरुलाई विशेष राहत मिल्ने बताए। त्यसैगरी प्रदेश अध्यक्ष बसन्त बास्तोलाले मुद्रण उद्योग संघ कास्कीले अति आवश्यक र उल्लेखनिय कार्य गरेको भन्दै प्रशंसा व्यक्त गरेका थिए।


कार्यक्रममा मनिपाल शिक्षण अस्पतालका सञ्चालक नारायण पौडेल, सहायक व्यवस्थापक रुद्र खत्री, मुद्रण उद्योग संघ कास्कीका सहकोषाध्यक्ष झंकनाथ अधिकारीलगायतको उपस्थिति रहेको थियो।


## कपालको उपचार

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०, ९८६६४१५३८०

## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरुषमा देखिने:** शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि।

**महिलाहरूमा देखिने:** स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

**सुन्दरता :** अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

**मलद्धार सम्वन्धी रोग :** छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय:** प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

एक क्षणको पाप कैयौं वर्षको कष्ट बन्छ ।
- कालीदास

## सम्पादकीय

# “प्रतिष्ठित” मा हिरासत छल्ने जुक्ति

देशका “प्रतिष्ठित “व्यक्ति पक्राउ पर्ने बित्तिकै हिरासतमा बस्न चाहदैनन् । राजनितिक दलका नेता हुन या कर्मचारी, व्यापारीहुन या ठेकेदार सकभर प्रहरी हिरासतमा नपुगी अस्पताल जाने गरेका छन् । उच्च ओहोदामा पुगेकाहरुलाई प्रहरी हिरासत जानू भनेको मानहानी भएको ठान्नु हो। पद, धन र शक्तिको दुरुपयोग गरि रातारात धन कमाएकाहरुलाई ईज्जतको डर लाग्ने गरेको छासमाजमा आफ्नो रवाफ देखाउन दोष अरुलाई थोपार्ने गर्दछन।बाँसबारीस्थित छाला जुत्ता कारखानाको जग्गा हडपेको आरोपमा पक्राउ परेका धनाड्य अरुण चौधरी र अजितनारायणसिंह थापाले आफूहरू बिरामी भएको बताएपछि चेकजाँचका लागि अस्पताल लगिएको छ ।

उनीहरूलाई बिहीवार साँझ ललितपुरको धापाखेलस्थित चिरायू अस्पताल लगिएको नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी)का अधिकारीले बताए । बिहीवार राति उनीहरूलाई अस्पताल नै राखिने भएको छ । यसअघि काठमाडौं जिल्ला अदालतले पक्राउ परेका २ जनालाई ४ दिन हिरासतमा राख्न अनुमति दिएको छ । अदालतले उद्योगी चौधरी र कारखानाका तत्कालीन कार्यकारी प्रमुख थापालाई ४ दिन हिरासतमा राख्न बिहीवार अनुमति दिएको छ । ती २ आरोपीले हिरासत छल्न बिरामीको बहाना गरेको हुनसक्ने ती प्रहरी अधिकारीको भनाइ छ ।

काठमाडौंको बाँसबारीस्थित छाला जुत्ता कारखानाको जग्गा हडपेको आरोपमा उद्योगी चौधरी र थापा बिहीवार दिउँसो पक्राउ परेका थिए । चौधरी लाजिम्पाटस्थित निवास र थापा बत्तीसपुतलीबाट पक्राउ परेका हुन् । गृहमन्त्री नारायणकाजी श्रेष्ठको निर्देशनपछि नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सीआईबी)ले उनीहरूलाई पक्राउ गरेको हो । पक्राउ परेका अरुण चौधरी ग्रुपका सदस्य हुन् । चौधरीलगायतको समूहले बाँसबारीस्थित छाला जुत्ता कारखानाको जग्गा हडपेर आफ्नो नाममा ल्याएका थिए ।

प्रहरीले यस विषयमा छानबिन शुरू गरेको थाहा पाएपछि उनी विदेश बस्दै आएका थिए । उनलाई लाजिम्पाटस्थित निवासबाटै दिउँसो करिब १ बजे पक्राउ गरिएको हो । थापालाई भने फलफूल किन्न निस्किएको बेला पक्राउ गरिएको थियो । थापा अहिले अरुण चौधरीका व्यापारिक साझेदारसमेत हुन् । सिआइबीले गर्ने अनुसन्धान सत्य स्थापित हुन सकेममा अहिले नाटक गरेर अस्पताल जाने गरेका छन ।

## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : शारीरिक झमेला | तुला | : शुभ यात्रा |
| वृष | : ब्यापारमा लाभ | वृश्चिक | : स्वस्थ्यमा सुधार |
| मिथुन | : अप्रत्यसित लाभ | धनु | : सहयोग मिल्नेछ |
| कर्कट | : शत्रुको भय | मकर | : सत्कार मिल्नेछ |
| सिंह | : झमेला बढ्ने | कुम्भ | : आर्थिक समस्या |
| कन्या | : कार्यमा सफलता | मीन | : मानसिक तनाब |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# मुस्ताङको ढि खोलाको तातोपानी मुहान संरक्षणका पर्खाइमा

**पोखरापत्र संवाददाता**
मुस्ताङ, १८ माघ

मुस्ताङको लो-घेकर दामोदरकुण्ड गाउँपालिका-४ ढि खोलाको तातोपानीको मुहान उपयोग र संरक्षणको पर्खाइमा छ।

अध्ययन अनुसन्धान र उपयुक्त प्रविधिको पहिचान हुन नसक्दा ढि खोलाले बनाएको खोंचभित्र रहेको तातोपानीको मुहानलाई प्रयोगमा ल्याउन नसकिएको हो । लो-घेकर दामोदरकुण्ड गाउँपालिका-४ का पूर्ववडाध्यक्ष हिरा गुरुङले ढि खोलाको तातोपानी खेर गइरहेको बताउनुभयो ।

“चिसो हावापानी र मौसम हुने मुस्ताङको तातोपानी प्रकृतिको वरदान हो”, उहाँले भन्नुभयो, “तातोपानीलाई व्यवस्थितरुपमा उपभोग गर्नसक्ने हो भने पर्यटन र आर्थिक हिसाबले धेरै राम्रो हुने थियो ।” मुहानको तातोपानीलाई नजिकै स्नान गृह र पोखरी बनाएर प्रयोगमा ल्याउन पहल गरिए पनि अनुसन्धान तथा प्रविधिमा पहुँच नपुग्दा सफल हुन नसकेकामा पूर्ववडाअध्यक्ष गुरुङले चिन्ता व्यक्त गर्नुभयो । खोंचभित्र पहाडबाट तातोपानीको फोहरा निस्कने गर्छ ।

बर्खामा तातोपानीको फोहोराभन्दा माथि खोलाको सतह पुग्छ । हिउँदमा खोलामा हिँडेर करिब ५० डिग्री सेल्सियस तातोपानीको फोहरा निस्कने ठाउँसम्म सहजै पुग्न सकिने लो-घेकरदामोदरकुण्डगाउँपालिका-४ ताङ्या गाउँका पासाङ छिरिङ गुरुङले बताउनुभयो । “पाइपबाट जस्तै पहाडको प्वालबाट निस्कने तातोपानीको फोहराले मानिसलाई ढलाउला झैँ गर्छ”, उहाँले भन्नुभयो, “मुहानबाट आएको तातोपानी मिसिएको खोलामा स्नान गर्न सकिन्छ ।” तातोपानीको मुहान वरपर झरना र तलाउ चिसोले जमेर बरफ बनेको छ ।

बेनी-जोमसोम-कोरला सडकमा पर्ने लो-घेकर दामोदरकुण्ड गाउँपालिकाको केन्द्र चराङ गाउँदेखि ३० मिनेट गाडीमा यात्रा गरेपछि ढि गाउँमा पुगिन्छ । ढि गाउँदेखि ३० मिनेट पैदल हिँडेर तातोपानीको मुहानमा पुग्न सकिन्छ । साविक सुर्खाङ गाविसको भूगोलमा रहेको यो तातोपानीको मुहान नजिकै सुर्खाङ, ढि, यारा र घारा गाउँ छन् । उपल्लो मुस्ताङ घुम्न आउने पर्यटकका लागि ढि खोलाको तातोपानी नयाँ आकर्षण बन्नसक्ने सम्भावना छ । दिगोरुपमा बाह्रै महिना नियमित तातोपानीलाई प्रयोगमा ल्याउने आधार पहिचान गर्न अध्ययन अनुसन्धानको आवश्यकता रहेको पूर्ववडाध्यक्ष गुरुङले बताउनुभयो ।

स्थानीयवासीका अनुसार मुस्ताङको पूर्वराजपरिवारका सदस्य स्नानका लागि ढि खोलामा आउने गर्दथे । उनीहरुले मुहान नजिकै स्नानका लागि आउनेहरुका लागि आश्रयस्थल बनाइदिएका थिए । स्थानीयवासीहरु हिउँदयाममा ढि खोलाको तातोपानी नुहाउन जान्छन् । व्यवस्थित हुन नसकेकाले पर्यटक भित्र्याउन सकिएको छैन । गण्डकी प्रदेशसभा सदस्य विकल शेरचनले ढि खोलाको तातोपानीलाई व्यवस्थित गर्न पहल गरिने बताउनुभयो ।

# ‘लेवल’बिनाका खुला मिठाई बिक्रीमा रोक

**पोखरापत्र संवाददाता**
तनहुँ, १८ माघ

जिल्ला प्रशासन कार्यालय तनहुँले ‘लेवल’ बिनाका खुला मिठाई बिक्रीमा रोक लगाएको छ ।

काठमाडौँका पेटी, हाटबजार, मेलालगायतमा खुलारूपमा बिक्री हुँदै आएको रङ्गीन कटन क्यान्डी (चिनीमा रङ मिसाइ रेसा गरी बनाइएको भुवादार मिठाई)मा मानव स्वास्थ्यमा गम्भीर असर पुर्‍याउने अखाद्य रङ ‘रोडमाइन बी’ प्रयोग भएको पाइएपछि जिल्ला प्रशासन कार्यालय तनहुँले बुधबार तनहुँ क्षेत्रमा समेत कटन क्यान्डी बिक्री हुनसक्ने भन्दै रोक लगाएको हो । जिल्ला प्रशासन कार्यालयका सहायक प्रमुख जिल्ला अधिकारी कमलराज अधिकारीद्वारा जारी विज्ञप्तिमा प्याक नगरिएको र लेवलसमेत नराखी बजारमा बिक्री गरिएको रङ्गीन कटन क्यान्डी नखान सबैमा आग्रह गरिएको छ। “कटन क्यान्डीका उत्पादकले आफ्नो उत्पादनलाई खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागमा जाँच गरी खाद्य अनुज्ञापत्र लिएर मात्र बिक्री वितरण गर्न अनुरोध छ, अन्यथा मातहतको निकाय खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय, तनहुँबाट कानुनबमोजिम कारबाही हुने व्यहोरा अनुरोध छ”, जिल्ला प्रशासन कार्यालयद्वारा जारी विज्ञप्तिमा उल्लेख गरिएको छ ।

सहायक प्रजिअ अधिकारीले उपभोक्ता हितविपरीतका कार्यलाई निरुत्साहित गर्न स्वयं उपभोक्तासमेत सचेत बन्नुपर्नेमा जोड दिनुभयो। “अखाद्य पदार्थको सहज बिक्री रोक्न उपभोक्ता र नागरिक समाजको ठूलो हात रहन्छ”, सहायक प्रजिअ अधिकारीले भन्नुभयो, “उपभोक्ता हितविपरीतको कार्यमा हामीले सूचना पाए तुरुन्तै अनुगमन र कानुनी कारबाही प्रक्रियामा जान्छौँ ।”

तनहुँका मुख्य बजार दमौली, दुलेगौँडा, खैरेनीटार, आँबुखैरेनी, डुम्रे, भिमादलगायत क्षेत्रमा बिना लेवल र प्याक नगरी खुलारूपमा रङ्गीन कटन क्यान्डी बिक्री गरिँदै आएको र जिल्ला प्रशासन कार्यालयको बिक्री नगर्न सूचना जारी गर्नु प्रभावकारी निर्णय भएको उपभोक्ता हित संरक्षण मञ्च तनहुँका अध्यक्ष प्रकाशचन्द्र भट्टराईले बताउनुभयो । उपभोक्ता हितविपरीतको कार्यलाई सामान्य ठान्न नसकिने र स्वयं उपभोक्ता पनि सचेत बन्नुपर्ने अध्यक्ष भट्टराईले बताउनुभयो । “जिल्ला प्रशासन कार्यालयको निर्णय सकारात्मक छ”, भट्टराईले भन्नुभयो, “तर बजारमा अनुगमनलाई थप प्रभावकारी बनाउन आवश्यक छ ।”

# गण्डकीमा क्षेत्रफलसँगै सुन्ताला उत्पादन बढ्यो

**पोखरापत्र संवाददाता**
गण्डकी, १८ माघ

गण्डकी प्रदेशका किसानले यस वर्ष ५४ हजार दुई सय २८ मेट्रिक टन सुन्तला फलाएका छन् । जुन गत वर्षको तुलनामा एक हजार आठ सय ९७ मेट्रिक टनले बढी हो ।

प्रदेशको कृषि विकास निर्देशनालयको तथ्याङ्कअनुसार आर्थिक वर्ष २०७९/८० मा ५२ हजार तीन सय ३१ मेट्रिक टन सुन्तला फलेको थियो । आव २०७८/०७९ माजम्मा ५० हजार आठ सय ५० मेट्रिक टन उत्पादन भएको थियो ।

सुन्तला खेतीको क्षेत्रफल विस्तारसँगै पछिल्लो तीन वर्षयता सुन्तलाको उत्पादन लगातार वृद्धि भएको निर्देशनालयका प्रमुख वासुदेव रेग्मीले बताउनुभयो । आव २०७८/७९ मा सात हजार नौ सय ४५ हेक्टरमा सुन्तला खेती गरिएकामा चालु आवमा सो क्षेत्रफल बढेर आठ हजार १७ हेक्टर पुगेको उहाँको भनाइ छ ।

“प्रदेशमा सुन्तला उत्पादन बढिरहेको छ, तीन वर्षअघि प्रतिहेक्टरमा नौ दशमलव ७८ मेट्रिक सुन्तला फलेको थियो भने यस वर्ष प्रतिहेक्टरमा १० दशमलव ६५ मेट्रिक टन उत्पादन भएको छ”, प्रमुख रेग्मीले भन्नुभयो, “फल दिने नयाँ बोट थपिनु, बगैँचा व्यवस्थापन, रेखदेख, रोगकिरा नलाग्नु, अनुकूल मौसम जस्ता कारणले सुन्तलाको उत्पादन वृद्धि भएको हो ।”

निर्देशनालयका कृषि अर्थ विज्ञ शशी अधिकारीले चालु आवमा सबैभन्दा बढी स्याङ्जामा १९ हजार ९० मेट्रिक टन सुन्तला फलेको जानकारी दिनुभयो । उत्पादकत्वका दृष्टिले पनि सबैभन्दा बढी स्याङ्जामा प्रतिहेक्टर १४ दशमलव ४६ मेट्रिक टन सुन्तला फलेको उहाँको भनाइ छ । यस वर्ष सबैभन्दा कम लमजुङमा चार सय ५० मेट्रिक सुन्तला उत्पादन छ । लमजुङमा जम्मा एक सय ३० हेक्टर क्षेत्रफलमा सुन्तला खेती हुँदै आएको छ ।

गोरखामा चार हजार नौ सय ७२ दसमलव ५०, तनहुँमा ११ हजार पाँच सय १८, कास्कीमा पाँच हजार चार सय ३५, पर्वतमा चार हजार १५, म्याग्दीमा ती हजार छ सय, बागलुङमा तीन हजार नौ सय २० र नवलपुरमा एक हजार दुई सय २७ मेट्रिक टन सुन्तला उत्पादन भएको जनाइएको छ । गण्डकीका ११ जिल्लामध्ये हिमाली जिल्ला मुस्ताङ र मनाङमा भने सुन्तला खेती नहुने कृषि अर्थविज्ञ अधिकारीले जानकारी दिनुभयो ।

निर्देशनालयका प्रमुख रेग्मीले गण्डकी देशमै बढी सुन्तला उत्पादन गर्ने प्रदेशमा पर्ने बताउनुभयो । किसानले पाउने प्रतिकिलो रु ५५ औसत मूल्यका आधारमा यस वर्ष गण्डकीमा रु दुई अर्ब ९८ करोड, २५ लाख, ४० हजार बराबरको सुन्तला उत्पादन भएको प्रमुख रेग्मीले बताउनुभयो । सुरुसुरुमा केही कम मूल्य परे पनि पछिसम्म बोट र चिस्यान केन्द्रमा राखेर बेच्ने किसानले सुन्तलाको भाउ बढाउँदै लैजाने गरेको उहाँको भनाइ छ । “बजारमा आएपछि पाउने बिक्री मूल्यको त लेखाजोखा नै हुँदैन, व्यापारीले किलोलाई रु एक सयदेखि एक सय ५० सम्ममा बेच्छन्, फागुन, चैतमा मूल्य अझ बढ्छ, हामीले त सुन्तला फलाउने किसानले कति कमाए भनेर हेर्नुपर्छ”, प्रमुख रेग्मीले भन्नुभयो, “जिल्लाले पठाएको प्रतिवेदन र आँकडा विश्लेषण गर्दा गण्डकीमा वार्षिक करिब रु तीन अर्ब बराबरको सुन्तला उत्पादन हुने गरेको देखिन्छ ।” गण्डकीमा सुन्तला विस्तार भएर आठ हजार १७ हेक्टरमा फैलिए पनि उत्पादन दिने बोटले ओगटेको क्षेत्रफल भने जम्मा पाँच हजार ९२ हेक्टर छ ।

सुन्तलाको उत्पादन बर्सेनि बढ्दै जाँदा किसानलाई भने बजारको चिन्ता थपिन सक्ने निर्देशनालयका प्रमुख रेग्मीले बताउनुभयो । सुन्तलामा आधारित उद्योग सञ्चालनमा राज्य र व्यावसायिक क्षेत्रले लगानी गर्नुपर्ने उहाँको भनाइ छ ।

प्रमुख रेग्मीले रोगकिराको प्रकोप, कलमी बिरुवाको अभाव, बगैँचा व्यवस्थापन, सुन्तला टिप्नेदेखि, सुरक्षित भण्डारण र ढुवानी, बजारको अभावआदि सुन्तला खेतीमा देखिने गरेका चुनौती हुन् । बोट सुकेर मर्ने रोग, औँशे किरालगायतले पनि सुन्तला खेतीमा बेलाबेलामा क्षति पुर्‍याउँदै आएको छ । “सुन्तला खेती प्रवर्द्धनमा किसानलाई सरकारले पनि अनुदान, सीप र प्रविधि दिएर सघाइरहेको छ”, प्रमुख रेग्मीले भन्नुभयो, “बगैँचाको रेखदेख, व्यवस्थापनमा किसान नै बढी चनाखो हुनुपर्छ, अनुदान पाए गर्ने नत्र वास्ता नगर्ने प्रवृत्ति पनि कतिपय किसानमा छ, त्यो गलत हो ।” सुन्तला खेती विस्तार र व्यवसायीकरणका लागि विभिन्न जिल्लामा सुन्तला ‘सुपर जोन’, ‘ जोन’, ‘पकेट’ र ‘ब्लक’ कार्यक्रम सञ्चालित छन् ।

बागलुङ, पर्वत र म्याग्दीका केही स्थानीय तहलाई समेटेर ‘सुन्तला जोन’ कार्यक्रम सञ्चालन गरिएपछि पाँच सय हेक्टरभन्दा बढी क्षेत्रफमा सुन्तला खेती विस्तार भएको ‘सुन्तला जोन’ एकाइ कार्यालयले जनाएको छ। ‘सुन्तला जोन’मा बढी सुन्तला उत्पादन हुने बागलुङको बिहुँ, सिगाना, पर्वतको बाँसखर्क, सालिजा, लेखफाँट, म्याग्दीको बास्कुनालगायतका गाउँ पर्छन् । स्याङ्जामा सुन्तला ‘सुपरजोन’ कार्यक्रम लागू भइरहेको छ । सुरुमा केही स्थानीय तहका सीमित वडामा मात्र सञ्चालन गरिएको उक्त कार्यक्रमलाई पछि जिल्लाभर विस्तार गरिएको हो ।

स्याङ्जाका करेनडाँडा, जैसीडाँडा, राङ्खोला, अर्जुनचौपारीलगायत गाउँ सुन्तला खेतीका लागि बढी चिनिन्छन् । तनहुँको म्याग्दे गाउँपालिका, गोरखाको सहिद लखन गाउँपालिकामा पनि सुन्तला खेती बढी हुन्छ । यहाँ उत्पादित सुन्तला पोखरालगायत प्रदेशभित्रैका सहरी क्षेत्रमा बढी खपत हुन्छ । व्यापारीले नारायणगढ, काठमाडौँलगायत ठाउँमा पनि बिक्रीका लागि पुर्‍याउँछन् ।

उत्पादन जति बढ्दा पनि बजारको अभाव नहुने र श्रमको उचित मूल्य पाउने सुनिश्चिता गर्न सके सुन्तला खेतीमा किसानको आकर्षण अझै बढ्ने निर्देशनालयका प्रमुख रेग्मीले बताउनुभयो । “नगदे बाली भएकाले सुन्तला खेतीबाट किसान सन्तुष्ट छन्, सुन्तला बेचेर वार्षिक दशौँ लाख कमाउने किसान पनि हामीकहाँ छन्”, उहाँले भन्नुभयो ।

# दोस्रो प्रदेशस्तरीय हिसान प्लस टु तथा युनिभर्सिटी लेवल फुटसल प्रतियोगिता फागुनमा

**पोखरापत्र संवाददाता**
पोखरा, १८ माघ

उच्च शिक्षालय तथा माध्यमिक शिक्षालय संघ (हिसान) गण्डकीको आयोजनामा हुने दोस्रो प्रदेशस्तरीय हिसान प्लस टु तथा युनिभर्सिटी लेवल फुटसल प्रतियोगिता फागुन पहिलो साता हुने भएको छ ।

फागुन ४ देखी ७ गते सम्म पोखरा रंगशालामा प्रतियोगिता हुनेछ । प्रतियोगिताको कास्की छनौट माघ २४ र २५ गते हुने आयोजकले जनाएको छ । प्रतियोगितामा हिसानमा आवद्ध विद्यालयहरुलाई सहभागीताका लागि हिसानले गण्डकीले अनुरोध गरेको छ । हिसान गण्डकीको सदस्य विद्यालय बिच हुने प्रतियोगितामा कक्षा ११ र १२ मा अध्ययनरत विद्यार्थीहरुले सहभागीता जनाउन पाउने हिसान गण्डकीका अध्यक्ष रमाकान्त बरालले जानकारी दिए । उनले कास्की जिल्लाबाट १२ टिम छनौट हुने जानकारी दिए ।

कास्कीबाट १२ र अन्य जिल्लाबाट ४ गरी १६ टिमले उपाधिका लागि प्रतिस्पर्धा गर्ने छन् । प्रतियोगिताको विजेताले नगद १ लाख, मेडल, ट्रफि र उपविजेताले नगद ५० हजार, मेडल र ट्रफि प्राप्त गर्ने अध्यक्ष बरालले बताए । कास्की छनौटमा करिब ५० विद्यालयको सहभागीता जनाउने प्रतियोगिताको व्यवस्थापन गरीरहेको सबिन मेमोरीयल फुटबल क्लबका अध्यक्ष सञ्जय लिगले बताए । कास्की छनौटबाट छानिएका १२ टिमले प्रदेश स्तरीय प्रतियोगितामा भाग लिन पाउने छन् । प्रयितोगितामा एउटा विद्यालयबाट २ टिमले सहभागीता जनाउन पाउने उनले बताए । त्यसै गरी युनिभर्सिटी लेवल फुटसल प्रतियोगितामा गण्डकी प्रदेशका १२ टिमको सहभागीता हुने लिगले बताए । खुल्ला कलेजस्तरीय फुटसल प्रतियोगिताका विजेताले नगद २० हजार मेडल र ट्रफि, उपविजेताले नगद १० हजार मेडल र ट्रफि प्राप्त गर्ने छन् । उनले कास्की छनौट पोखरा ४ गैरापाटनमा रहेको वि- फिट फुटसलमा हुने बताए । त्यसै गरी प्रदेश स्तरीय प्रतियोगिता भने पोखरा रंगशालामा रहेको मल्टिपल हलमा हुने उनको भनाई छ। सविन मेमोरियल क्बल राष्ट्रिय फुटसल लिगको ए डिभिजन क्बल हो। हिसान फुटसल प्रतियोगिताले नयाँ खेलाडी उत्पादन गर्न सहयोग गर्ने प्रतियोगिताका संयोजक सन्तोष पराजुलीले बताए । युवाहरुमा भएको खेलकुदको प्रतिभा देखाउने ठाउँ नपाएकाहरुलाई यो अवसर हुने उनको भनाई छ।

हिसान गण्डकीका अध्यक्ष रमाकान्त बरालको अध्यक्षतामा सम्पन्न बैठकले प्रतियोगिता सम्पन्न गर्न न्यायिक समिति बताएको छ । समितिमा केन्द्रिय सल्लाहकार सुर्य बहादुर जिसी को संयोजकत्वमा केन्द्रिय सचिव कृष्ण के.सी, कास्की जिल्ला अध्यक्ष यमबहादुर रोका र गण्डकी प्रदेश हिसानका सदस्य त्रिभुवन शर्मा रहेका छन् । बैठकले प्लस टुको टिम दर्ता माघ २३ गते भित्र गरिसक्नु पर्ने र युनिभर्सिटी लेवलको टिम दर्ता फाल्गुन १ गते भित्रमा गरिसक्नु पर्ने निर्णय गरेको छ । प्रतियोगिता सम्पन्न गर्न ६ लाख ५० हजार खर्च हुने प्रदेशका कोषाध्यक्ष राजेन्द्रमणी पौडेलले जानकारी गराए ।

# ऐतिहासिकता र धार्मिक महत्वसँग जोडिएको गोरखा दरबारको पर्यटन

वासुदेव पौडेल
गण्डकी, १८ माघ / रासस

विसं २०७२ को भूकम्पले क्षतिग्रस्त बनाएको गोरखा दरबार र सँगै रहेको गोरखकाली मन्दिर पुनःनिर्माणपछि पूर्ववत् स्वरूपमा फर्किएको छ । पुनःनिर्माणकै क्रममा पनि पर्यटक तथा दर्शनार्थीको आगमन नरोकिएको दरबार क्षेत्रमा अहिले भने दैनिक आउने पर्यटकको सङ्ख्या बाक्लै देखिन्छ ।

भूकम्पका कारण क्षतिग्रस्त दरबार, मन्दिरलगायत परिसरका अन्य संरचना सबैको पुनःनिर्माण लगभग सकिएको मन्दिरका मूल पुरोहित एवं सूचना अधिकारी शारदाप्रसाद भट्टराईले जानकारी दिनुभयो । दरबार क्षेत्रस्थित गोरखानाथ मन्दिर, श्रीविद्या मन्दिर, दमाईंपाटी वरपरका पशुपति मन्दिर, गुह्येश्वरी मन्दिर, विद्या मन्दिर, पृथ्वीपति शाहको पालामा बनेको चौघेरा दरबार, शीतलपाटी, गोरखनाथका नगर्चीले नगरा बजाउने दमाईंपाटी आदि पुनःनिर्माण भइसकेका छन् । बडादसैंमा पुरोहितलाई वरणी 'निम्ता' दिने पण्डितपाटी, गेटजस्ता केही काममात्रै बाँकी रहेको जानकारी दिँदै उहाँले ९९ प्रतिशत काम सम्पन्न भएको बताउनुभयो ।

झण्डै पाँच सयभन्दा बढी हेक्टर क्षेत्रफलमा फैलिएको गोरखा दरबार क्षेत्रका सांस्कृतिक एवं ऐतिहासिक संरचना भूकम्पका कारण क्षतिग्रस्त भएका थिए । क्षतिग्रस्त अवस्थामा समेत गोरखा दरबार क्षेत्र र गोरखकाली मन्दिर दर्शन गर्न आउने दर्शनार्थी र पर्यटकको सङ्ख्या नघटेको बताउँदै मूल पुरोहित भट्टराईले गोरखकाली मन्दिरको दर्शन गरेमा मनोकाङ्क्षा पूरा हुने विश्वासका कारण यसको महिमा र गरिमा चुलिएको बताउनुभयो ।

दैनिक पूजाआजा हुने मन्दिरमा विशेषतः बडादसैं र चैतेदसैंमा भव्य पूजा गरिन्छ । नेपाल एकीकरणको गौरवशाली इतिहासको सुरुआत गोरखा दरबारबाटै भएका कारण पनि देशका विभिन्न स्थानबाट यसको अवलोकन गर्न पर्यटक आउने गरेका छन् । गोरखकाली मन्दिरप्रतिको आस्था र नेपालको गरिमामय इतिहासको सुरुआत भएको ठाउँका रूपमा यसको पर्यटकीय आकर्षण बढेको भट्टराईको भनाइ छ ।

मन्दिर परिसरमा नै रहेका विसं १६१६ अघिका तोप तथा नगराले यहाँको ऐतिहासिकतालाई थप उजागर गरेका छन् । पृथ्वीनारायण शाहकालीन इतिहासलाई पछिल्लो पुस्तासम्म पुर्‍याउने उद्देश्यका साथ गोरखा दरबार र परिसरमा तत्कालीन समयमा सैनिकले लगाउने गरेका पोशाक र हातहतियारसहित सुरक्षाकर्मी खटाइएको छ । चिटिक्क कालो दौरा सुरुवालमा सजिएका सुरक्षाकर्मी, कम्मरमा खुकुरी, टाउकोमा चाँदतोडा, हातमा भरुवा बन्दुकसहित सजिएका सुरक्षाकर्मीलाई आउने पर्यटकसँग फोटो खिचाउन भ्याइनभ्याई हुन्छ । उक्त दरबारमा आफूसहित नौजना सुरक्षाकर्मी पालैपालो परम्परागत पोशाकमा खटिने गरेको सिपाही रामशरण ढकालले बताउनुभयो ।

"बिहानदेखि बेलुकासम्म ठूलै सङ्ख्यामा आउने पर्यटकले फोटो र हामीसँग सेल्फी खिचाएर जाने गरेका छन्", उहाँले भन्नुभयो, "यो पोशाक पृथ्वीनारायण शाहकालीन इतिहासको चिनारी हो ।" तत्कालीन समयको पोशाकसहितका सुरक्षाकर्मी राखेका कारण यहाँ आउने पर्यटकलाई नेपाल एकीकरणको इतिहासबारे जानकारी लिन र त्यसको केही मात्रामा भने पनि अनुभूति गर्न अझै सहज हुने विश्वास लिइएको छ ।

यहाँस्थित गोरखनाथ मन्दिरमा भक्तजनलाई 'ताई रोट' (घ्यूमा पकाइने एक प्रकारको रोटी) प्रसादस्वरुप वितरण गरिने गोरखनाथ मन्दिरमा बस्दै आउनुभएका सन्त खिमनाथ योगीले जानकारी दिनुभयो । भक्तजनको उपस्थितिअनुसार दैनिक १५ मुरी चामलसम्मको रोट पकाएर प्रसादस्वरुप वितरण गर्ने गरिएको उहाँले बताउनुभयो ।

परापूर्वकालमा शाह वंशका राजपरिवारले गुरु गोरखनाथलाई सवा लाख रोट चढाउने परम्परा रहिआएको थियो । गोरखाका तत्कालीन राजा राम शाहको पालामा विसं १६८६ मा बनेको ऐतिहासिक गोरखा दरबार भूकम्पले ध्वस्त भएको थियो । करिब चार सय वर्ष पुरानो दरबार भूकम्पले क्षतिग्रस्त भएपछि जगेर्दैछ नै पुनःनिर्माण गरिएको हो । पुरातात्विक महत्वको दरबारको इतिहास, गरिमा र महत्वलाई दृष्टिगत गरी यसको प्राचीन स्वरूप र आकर्षणलाई कायम राख्दै पुरानै स्वरूपमा पुनःनिर्माण गरिएको हो ।

मन्दिर र दरबारमा आएका पर्यटक तल बजारमा रहेको गोरखा दरबार सङ्ग्रहालय हेरेरमात्रै फर्कने गर्दछन् । सङ्ग्रहालय भवनको मुख्य प्रवेशद्वारमा सजाइएका सन् १७९२ मा निर्मित दुई तोपलाई हेर्दै भवनमा प्रवेश गर्ने पर्यटकले त्यहाँभित्र राखिएका गोरखाका शाह राजाहरूको परिचयात्मक कक्ष, जन्मकुण्डली कक्ष, हातहतियार कक्ष, पुष्पिका वाक्य कक्ष, धार्मिक तथा आर्थिक कक्ष आदिलाई एकएक गरेर नियाल्छन् । तत्कालीन गोरखा राज्यको क्षेत्रमा रहेका ऐतिहासिक, पुरातात्विक, धार्मिक र सांस्कृतिक दृष्टिले महत्व राख्ने सामग्रीको खोजी, सङ्कलन, संरक्षण र प्रदर्शन गरी ऐतिहासिकताको चिनारी गराउने उद्देश्यका साथ २०६५ जेठ १९ गते यो सङ्ग्रहालय सर्वसाधारणका लागि खुला गरिएको हो । सुन्दर बगैंचा, बालउद्यान तथा विश्रामस्थल भएको ६८ रोपनी क्षेत्रमा फैलिएको पार्कसहितको सङ्ग्रहालयमा गोरखाली राजाहरूको परिचयात्मक कक्ष, तैलचित्र कक्ष, जन्मकुण्डली तथा उपदेश कक्ष, हातहतियार तथा सैन्य कक्ष, ग्रन्थ कक्ष आदि रहेका छन् । त्यस्तै धार्मिक, समाजिक तथा आर्थिक कक्ष, कलात्मक भाँडावर्तन कक्ष, प्राचीन चैत्य कक्ष, बाजा कक्ष सङ्ग्रहालयमा रहेका छन् । स ङ ्ग्रहालयभित्र रहेका दरबारको चोक र दलान, पृथ्वी पार्क, जातजातिको झाँकी आदि यहाँका थप आकर्षण हुन् ।

सङ्ग्रहालयमा आउने पर्यटकमध्ये विदेशीका लागि रु एक सय, सार्क राष्ट्रका पर्यटकका लागि रु ५०, नेपाली सर्वसाधारणका लागि रु २५ र विद्यार्थीका लागि रु १० प्रवेशशुल्क निर्धारण गरिएको कर्मचारी हरि कोइरालाले जानकारी दिनुभयो । पछिल्ला समयमा विभिन्न सङ्घसंस्थाले ऐतिहासिक र धार्मिक महत्वको गोरखा दरबार क्षेत्रको अवलोकनलाई आफ्नो भ्रमण तालिकामा समावेश गर्ने गरेका छन् । पोखरा महानगरपालिका वडा नं ३२ तल्लो गगनगौडामा क्रियाशील नवीन टोल विकास संस्थाले यही माघको पहिलो हप्ता गोरखाको प्रवर्द्धनात्मक भ्रमण गरेको संस्थाका अध्यक्ष पुष्पराज पौडेलले जानकारी दिनुभयो । नेपालको एकीकरणसँग जोडिएको गोरखा दरबार र सँगैका धार्मिक पर्यटकीय महत्वका स्थलको पर्यटकीय प्रवर्द्धनका लागि संस्थामा आबद्ध ६९ जनाको समूहले गोरखा दरबारसँगै सङ्ग्रहालय र लिगलिगकोटसम्मको भ्रमण गरेको उहाँले बताउनुभयो ।

"ऐतिहासिक एवं धार्मिक महत्वका यस्ता स्थलहरूको संरक्षणसँगै प्रवर्द्धन गर्न सकेमा पर्यटकीय विकासमा महत्वपूर्ण टेवा पुर्‍याउँछ", उहाँले भन्नुभयो ।

# पुनहिल कप भलिबल : महिलातर्फ कावासेती र माछापुच्छ्रे फाइनलमा

पोखरापत्र संवाददाता
पोखरा, १८ माघ

पुन समाज नेपालको आयोजनामा जारी प्रथम पुन हिल कप पुरुष, महिला तथा भेट्रान भलिबल प्रतियोगिताको चौथो दिन आठ खेल सम्पन्न भएका छन् । प्रतियोगिता अन्तरगत महिलातर्फ सेमीफाइनल खेल सम्पन्न भएका छन् । बिहिबार महिलातर्फ क्वाटरफाइनल र सेमीफाइनल गरी कुल चार तथा पुरुषतर्फ प्रिक्वाटरका चार खेल सम्पन्न भएका हुन् ।

महिलातर्फ भएको पहिलो सेमीफाइनल खेलमा कावासेतीले आयोजक पुन समाज नेपाललाई ३-१ को सेटमा हरायो । पहिलो सेट २५-२७ ले गुमाएको कावासेतीले खेलमा पुनरागमन गर्दै लगातार तीन सेट आफ्नो पक्षमा पार्‍यो । कावासेतीले दोस्रो सेट २५-२३, तेस्रो सेट २५-११ र चौथो सेट २५-१८ ले आफ्नो पक्षमा पार्न सफल भयो । दोस्रो सेमीफाइनल खेलमा माछापुच्छ्रेले बागलुङलाई ३-० को सोझो सेटमा हराउँदै फाइनलमा प्रवेश गरेको हो ।



माछापुच्छ्रेले २५-११, २५-८ र २५-१३ ले आफ्नो पक्षमा पार्न सफल भएको हो ।

पुरुषतर्फको खेलमा माछापुच्छ्रेले बागलुङलाई २-० को सोझो सेटमा पाखा लगायो । माछापुच्छ्रेले २५-१४ र २५ १९ को सेटमा हरायो । दोस्रो खेलमा राम बजारले लामा अमृत फाउन्डेसनलाई सोझो सेटमा हरायो । राम बजारले २५-१९ र २५-२० को जित निकाल्यो । तेस्रो खेलमा समिर सुनचाँदीले सिक्लेसलाई सोझो सेटमै पाखा लगायो । समिर सुनचाँदीले २५-७ र २५-११ को सेटमा हरायो । चौथे खेलमा आयोजक पुन समाजले कालिका पब्लिक क्याम्पसलाई पनि सोझो सेटमै हरायो । आयोजकले २५-२० र २५-२३ को जित निकालेको हो ।

पुन दिवस माघ १५ को अवसर पारेर पोखरा रामघाटस्थित समाजको खेल मैदानमा जारी प्रतियोगिताको क्वाटरफाइनलसम्म बेष्ट अफ श्री अनुसार खेलाइएको छ भने, सेमीफाइनलदेखि बेष्ट अफ फाइभको आधारमा खेलाइएको छ । समाजले विभिन्न सांस्कृतिक कार्यक्रमसहित आयोजना गरेको प्रतियोगितामा पुरुषतर्फ १८, महिलातर्फ १४ र प्रौढतर्फ १२ टोलीको सहभागिता रहेको छ ।

# मगरले राज्य गरेको गलेखामकोटको प्रवर्द्धन गर्दै स्थानीय

पोखरापत्र संवाददाता
तनहुँ, १८ माघ

पृथ्वीराजमार्गअन्तर्गत तनहुँको व्यास नगरपालिका-५ कन्टारबाट पश्चिम लागेपछि पुगिन्छ, गलेखामकोट । कन्टारबाट सँगै हुँदै पुगिने गलेखामकोट सदरमुकाम दमौलीदेखि नजिक रहेर पनि ओझेलमा परेको ठाउँ हो ।

व्यास नगरपालिका-६ मा अवस्थित गलेखामकोट सदरमुकामबाट १५ किलोमिटर दूरीमा छ । कुनै बेला मगर जातिका राजाले समेत राज्य गरेको यस ठाउँलाईको प्रवर्द्धनमा स्थानीय जुटेका छन् । गलेखामकोटमा मगर राजाले शासन गरेको र अन्तिम राजा चक्रधर राना रहेको गलेखामकोट टोल विकास संस्थाका अध्यक्ष वसन्तकुमार श्रेष्ठको भनाइ छ । उहाँले भन्नुभयो, "धार्मिक तथा पर्यटकीय हिसाबले यो प्रचुर सम्भावना भएको स्थान भए पनि आवश्यक प्रचारप्रसार नहुँदा ओझेलमा परेको महसुस भएको छ । यस ठाउँको विकास र प्रवर्द्धनका लागि स्थानीय जुटेका छन् ।" यहाँका तत्कालीन मगर राजाले तनहुँका सेनवंशका राजासँग आत्मसमर्पण गरेको किंवदन्ती छ । पछि सेनवंशले गोरखाका शाह वंशसँग आत्मसमर्पण गरेको इतिहास छ । यो क्षेत्र पर्यटकीय हिसाबले अन्त्यन्त आकर्षक र तनहुँको तेस्रो अग्लो पहाडको रूपमा परिचित रहेको श्रेष्ठले बताउनुभयो । यहाँबाट सदरमुकाम दमौली, शुक्लागण्डकी नगरपालिकास्थित थप्रेक, व्यास नगरपालिकास्थित कलेस्ती, सिसाघाट, लमजुङको भोर्लेटार, सोतीपसल, दुईपिप्ले, कास्कीको फेवाताल, बेगनासताल तथा विभिन्न ठाउँको रमणीय दृश्य देख्न सकिन्छ । स्थानीय मुनिराज गुरुङ प्रचुर सम्भावना बोकेर पनि यस ठाउँको विकास हुन नसकेको बताउनुहुन्छ । उहाँले भन्नुभयो, "यहाँबाट देखिने मनोरम दृश्यले जो कोहीलाई लोभ्याउँछ, तर यस ठाउँको पर्याप्त प्रचार-प्रसार हुन सकेको छैन । हामी अब यसको प्रवर्द्धनमा जुटेका छौं ।" उहाँले पछिल्लो समय यहाँ शनिबार र बिदाका दिन फाट्टफुट्ट आन्तरिक पर्यटकको चहलपहल देखिन थालेको बताउनुभयो ।

गलेखामकोटमा नेवार समुदायको बाहुल्यता छ । गलेखामकोटमा भ्यूटावरसमेत बनेको छ । यहाँ विसं २०७६ मा रु १६ लाख ५० हजारको लागतमा भ्यूटावर निर्माण भएको थियो । तीन तल्लाको दृश्यावलोकन स्तम्भबाट एकैपटकमा २० भन्दा बढी पर्यटकले दृश्यावलोकन गर्न मिल्छ । यहाँबाट कास्कीको फेवाताल, माछापुच्छ्रे, धवलागिरि, अन्नपूर्ण, मनास्लुलगायतको हिमशृङ्खला देख्न सकिन्छ । समुद्र सतहबाट दुई हजार दुई सय सात मिटरको उचाइमा रहेको गलेखामकोट बाइसे-चौबीसे राज्यको पालामा चक्रधारी राजाले शासन गरेको ठाउँ हो । यहाँ रहेको कोटभैरव मन्दिरमा दसैंमा बेला विशेष पूजाआजा हुने गरेको छ । बडादसैंको नवमीको दिन मन्दिरमा पञ्चबलि दिने प्रचलन रहेको स्थानीय मनिता गुरुङले जानकारी दिनुभयो । मन्दिरमा राना जातिले पूजारी र ब्राम्हण जाति पुरोहितको रूपमा काम गर्दै आएका छन् । यस ठाउँमा राजाको पालामा युद्धमा प्रयोग गरिएको हातहतियार सुरक्षितरूपमा राखिएको छ । गलेखामकोटको प्रवर्द्धन र विकासका लागि व्यास नगरपालिकाले पहल थालेको वडाध्यक्ष जीवन गुरुङले बताउनुभयो । उहाँले भन्नुभयो, "गलेखामकोट ऐतिहासिकस्थल पनि हो । यसको विकासमा नगरपालिका योजनासहित अगाडि बढ्छ ।"

# शैक्षिक सुधार गर्दै गलकोट नगर

पोखरापत्र संवाददाता
बागलुङ, १८ माघ

आधा दशक अगाडिसम्म गलकोटका बजारी तथा ग्रामीण क्षेत्रका विद्यालय जीर्ण थिए । काठ, माटो र ढुङ्गाले बनेका भवनमा पठनपाठन गरिन्थ्यो । डेस्क, बेञ्च अभावमा विद्यार्थी धुलोमै बसेर पढ्न बाध्य थिए । पानी पर्दा चुहिने र हावाहुरी चल्दा छानो उडाइने समस्याबाट यहाँका अधिकांश विद्यालय ग्रसित हुँदै आएका थिए । तर स्थानीय सरकार गठनपश्चात् अहिले भौतिकमात्रै होइन शैक्षिक सुधारसमेत हुँदै गएको छ । हटिया बजारदेखि गाउँगाउँका विद्यालय पक्की बनेका छन् । विद्यालयको भौतिक संरचना सुधार भएसँगै गलकोट नगरपालिकाले शैक्षिक गुणस्तरलाई अघि बढाउनतर्फ लागेको छ । नगरपालिका 'बालमैत्री नगर' घोषणासमेत भइसकेको छ ।

शैक्षिक गुणस्तर बढाउनका लागि नगरपालिकाले सामुदायिक विद्यालयको तह मिलान तथा समायोजनसमेत गरिरहेको छ । ६२ सामुदायिक विद्यालय सञ्चालनमा रहेको गलकोटमा १३ माध्यमिक र ५१ आधारभूत तहका विद्यालय छन् । सबै विद्यालयलाई प्रविधिमैत्री बनाउँदै गएको छ । पहिले जीर्ण भवनमा पठनपाठन गर्दै आएकामा अहिले सबैभन्दा दुर्गमका वडामा पनि पक्की भवन बनेर शैक्षिक क्रियाकलाप भइरहेका छन् । शिक्षाको गुणस्तर बढाउनका लागि कक्षा ५, ८ र १० को अर्धवार्षिक तथा वार्षिक परीक्षा नगरपालिकास्तरीय सञ्चालन गर्दै आएको छ । विद्यालय भवनको अभावमा लामो समयदेखि समस्या भोग्दै आएकामा पछिल्लो दुई वर्षयता भौतिक संरचनाले पूर्णता पाएपछि पठनपाठन प्रभावकारी बन्दै गएको नवयुवक आधारभूत विद्यालय गलकोट नगरपालिका-२ ठानाका प्रधानाध्यापक विष्णुप्रसाद गैरेले बताउनुभयो । भौतिक विद्यालयमा कुर्ची अभाव हुँदा बालबालिका भुईंमै बसेर पढ्दा बिरामी हुने गरेको भन्दै अहिले कुनै पनि विद्यार्थी खुला चौर र धुलो भुईंमा बस्नु नपर्ने उहाँको भनाइ छ । विद्यालय भवन व्यवस्थित भएपछि विद्यार्थीको आकर्षण बढेको र नतिजा पनि बर्सेनि सुधार हुँदै गएको उहाँले जानकारी दिनुभयो ।

"गलकोट नगरपालिकाले गाउँका विद्यालयलाई प्राथमिकतामा राखेर काम गरेको छ, पहिले यहाँको विद्यालयको अवस्था दयनीय थियो, कच्ची भवनमा विद्यार्थी फोहरमैलो र धुलोमा बसेर पढ्थे, स्वच्छ खानेपानी, शौचालय र शैक्षिक सामग्रीको अभाव हुन्थ्यो", प्रअगैरेले भन्नुभयो, "अहिले भौतिक संरचनाले पूर्णता भएको छ, शैक्षिक गुणस्तर बढाउनका लागि लागि रहेका छौं, समग्रमा विगतको तुलनामा अहिले गुणस्तर बढेको पाएका छौं, समयसमयमा शिक्षकलाई प्रविधिसँग जोड्नका लागि अपडेट हुने खालका तालिमहरु पाइराखेको छ ।"

गलकोट -४ चमुवास्थित चमुवा आधारभूत नगरपालिकामा उत्कृष्ट विद्यालय मानिन्छन् । विसं २०७६ यता विद्यालय भवन पूर्णरूपमा निर्माण भएपछि शैक्षिक गुणस्तर बढेको प्रधानाध्यापक नवीन सुवेदीले बताउनुभयो । चार वर्ष अगाडि अव्यवस्थित विद्यालय भवनका कारण गुणस्तर बढाउन नसकिएको भन्दै अहिले पालिकामै राम्रो नजिता ल्याउन सकिएको उहाँको भनाइ छ । नगरपालिकासँगै समुदायले पनि विद्यालय सुधारका लागि ठूलो भूमिका खेलेको प्रधानाध्यापक सुवेदी बताउनुहुन्छ ।

उहाँ भन्नुहुन्छ, "अहिले विद्यालयमा डिजिटल बोर्डमार्फत पठनपाठन हुन्छ, पहिले एउटा ब्लाकबोर्ड पनि गतिलो थिएन, तर अहिले विद्यालयका भवनमात्रै होइन, यहाँको समग्र पक्षमा उल्लेख्य सुधार भएको छ, कम्प्युटर ल्याब, विज्ञान प्रयोगशाला र पुस्तकालय व्यवस्थापन भएको छ, विद्यार्थी खुसी भएर पढ्न रुचाउँछन् भने घरमाभन्दा विद्यालयमै बढी बस्ने चाहना देखाउँछन् ।" नगरपालिकाले विद्यार्थी कम भएका विद्यालयलाई समायोजन तथा तह मिलान गरी पठनपाठनलाई थप प्रभावकारी बनाउँदै गएको छ । तह मिलान तथा विद्यालय समायोजन कार्यविधि विसं २०७९ बनाएर हालसम्म यहाँ १२ विद्यालय समायोजन गरिसकेको छ । पाँच वर्ष अगाडिसम्म गलकोट नगरपालिकाभर ७४ वटा सामुदायिक विद्यालय थिए । ग्रामीण क्षेत्रका विद्यालयमा विद्यार्थी सङ्ख्या न्यून भएपछि नगरपालिकाले विसं २०७५ देखि विद्यालय तह मिलान तथा समायोजन गर्न थालेको हो । विद्यालय समायोजनपछि दूरी टाढा पर्ने विद्यार्थीलाई पालिकाले यातायातको व्यवस्था गर्दै आएको छ । नगरपालिकाले तह मिलान तथा विद्यालय समायोजन कार्यविधिमा कक्षा १-३ मा १५ जना, १-५ मा २५, ६-८ मा २१, ९-१० मा २५ र ११-१२ मा २५ जना विद्यार्थी हुनुपर्ने मापदण्ड बनाएको छ । विद्यालयको भौतिक संरचनामा धेरै सुधार आएको हुँदा अब नगरपालिका गुणस्तरीय शिक्षालाई जोड दिन थालेको नगरपालिकाका शिक्षा अधिकृत शिव खड्काले बताउनुभयो । हरेक वर्ष उच्च जिपिए ल्याउने विद्यार्थी करिब २० प्रतिशतले बढेको उहाँको भनाइ छ । विद्यार्थीलाई पढाइसँगै अतिरिक्त क्रियाकलाप गराउने र प्रतिभासमेत पहिचान गरी प्रोत्साहन गरिरहेको उहाँको भनाइ छ । अङ्ग्रेजी, गणित र विज्ञान विषयको नगरस्तरीय विषय विज्ञ गठन गरेका गरेको र यसले शिक्षण सिकाइ क्रियाकलापमा आएका अप्ठ्यारालाई समाधान गर्ने सम्बन्धित विषयका शिक्षकसँग छलफल गर्ने उहाँ बताउनुहुन्छ ।

गलकोटले हरेक वर्ष शिक्षालाई प्राथमिकतामा राखेर बजेट विनियोजन गर्ने र सोहीअनुसारका कार्यक्रम गर्दै आएको प्रवक्ता हिमबहादुर भण्डारीले बताउनुभयो । पहिलो कार्यकालमा भौतिक संरचना सुधारमा लागेको जनाउँदै अहिलेको मुख्य उद्देश्य गुणस्तर बढाउनुभएको उहाँको भनाइ छ । सामुदायिक विद्यालयमा नगरपालिकाले ठूलो लगानी गरेर सुधार गरेपछि निजी विद्यालयमा विद्यार्थी कम जाने गरेको भण्डारी बताउनुहुन्छ । शिक्षकलाई आफ्नो पेसाप्रति जिम्मेवार बनाउनका लागि समयसमयमा तालिम दिने र प्रोत्साहनसमेत गर्दै आएको उहाँको भनाइ छ ।

# ढोरपाटनमा हिमपात

पोखरापत्र संवाददाता
बागलुङ, १८ माघ

बागलुङको माथिल्लो क्षेत्रमा यस वर्ष दोस्रो हिमपात भएको छ । बुधबार साँझदेखि मौसम परिवर्तन भएसँगै बिहीबार बिहानैदेखि हिमपात सुरु भएको हो ।

हिमपातले ढोरपाटन उपत्यका सेताम्य बनेको छ । बागलुङ, पूर्वी रुकुम र रोल्पाको सिमाना पातीहाल्नेमा पनि हिमपात भएको निसीखोला गाउँपालिका-६ का स्थानीय ओमबहादुर घर्ती मगरले जानकारी दिनुभयो । बागलुङको ढोरपाटन शिकार आरक्ष क्षेत्रमा यस वर्ष दोस्रो पटक हिमपात भएको हो । बिहानैदेखि परेको हिमपातका कारण घोडा, खच्चड तथा वस्तुभाउलाई घाँस तथा दाना हाल्नसमेत गाह्रो भएको स्थानीय स्थानीय गङ्गाबहादुर भण्डारीले जानकारी दिनुभयो । हिमपातले गर्दा ढोरपाटनदेखि बैंसी झर्नका लागि समस्या भएको भण्डारीले बताउनुभयो । उहाँले भन्नुभयो, "हिजोदेखि मौसम निकै चिसो थियो, पानी पनि पर्न सकेको थिएन, घाम पनि लागेको थिएन, राति अलिअलि पानी पर्‍यो र एकै छिनमा हिउँ पर्‍यो, अहिले निकै चिसो छ, चिसोले गर्दा घरबाट बाहिर निस्किएर काम गर्न सकिँदैन, अब घाम लाग्यो भने मात्रै घर र गोठको काम गर्न सकिन्छ ।" गत मङ्सिर १८ गते ढोरपाटनलगायत आसपासका क्षेत्रमा यस वर्ष पहिलोपटक हिमपात भएको थियो । त्यसयता सामान्य वर्षासमेत हुन सकेको थिएन । लामो समयदेखि वर्षा नहुँदा किसानले लगाएका गहुँ, जौं बारीमै मर्न थालेका थिए । यो वर्षाले किसानका लागि राहत मिलेको स्थानीय प्रेमबहादुर घर्ती मगरले बताउनुभयो । यो सिजनमा किसानलाई वर्षाको निकै आवश्यकता रहेको उहाँको भनाइ छ ।